प्रस्तावहरू

१. आगामी आ.व. को सङ्घीय समपूरक अनुदानको लागि योजना प्राथमिकीकरण सम्बन्धमा,
२. आगामी आ.व. को सङ्घीय विशेष अनुदानको लागि योजना प्राथमिकीकरण सम्बन्धमा,
३. सडक बोर्ड अन्तर्गत स्थानीय सडक मर्मत सम्भारको लागि कार्यक्रम छनोट सम्बन्धमा,
४. विविध ।

निर्णयहरू

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा चालु आ.व. २०८२/८३ मा संघीय समपूरक अनुदानबाट सञ्चालित लुलाङ-गुर्जा सडक चालु आ.व. मा नै सम्पन्न हुने भएकाले आगामी आ.व. २०८३/८४ को लागि सङ्घीय समपूरक अनुदानको लागि देहायबमोजिमका आयोजना तथा कार्यक्रम प्राथमिकीकरण गरि पठाउने निर्णय गरियो।

   **क. मल्कवाङ –भेडिखाल्टा सडक निर्माण**

   **ख. मराङ- खिवाङ सडक निर्माण**

   **ग. मुना खानेपानी योजना**

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा चालु आ.व. २०८२/८३ मा संघीय विशेष अनुदानबाट सञ्चालित मुना गाउँमा ढल निकाश योजना चालु आ.व. मा नै सम्पन्न हुने भएकाले आगामी आ.व. २०८३/८४ को लागि सङ्घीय विशेष अनुदानको लागि देहायबमोजिमका आयोजना तथा कार्यक्रम प्राथमिकीकरण
३. गरि पठाउने निर्णय गरियो।

   **क. ताकम ढल निकाश**

   **ख. मराङ खानेपानी योजना**

   **ग. मुना स्वास्थ्य चौकीमा पूर्वाधार निर्माण**

४. प्रस्ताव नं. ३ माथि छलफल गर्दा सडक बोर्ड नेपालको च.नं. ६७९ मिति २०८२/०९/२८ को पत्रबाट स्थानीय सडक मर्मत सम्भार कार्यको लागि रु. ५,४०,०००।— बजेट स्विकृत भई आएको हुँदा उक्त कार्यको गाउँपालिकाले सडक बोर्ड नियमावली २०६० परिच्छेद ३ नियम ९ तथा मार्गदर्शन बमोजिम व्यहोर्नुपर्ने रकम गाउँपालिकाको समपूरक कोष शिर्षकमा विनियोजित बजेटबाट भुक्तानी गर्ने गरि **मराङ- मल्कवाङ सडक मर्मत**को लागि कार्यक्रम स्विकृत गरि सहमतिको लागि सडक बोर्ड नेपालमा पेश गर्ने निर्णय गरियो।

५. विविध अन्तर्गत देहायबमोजिम हुने गरि निर्णय गरियो।

क. जनकल्याण मा.वि. गुर्जामा जिल्ला समन्वय समिति म्याग्दीसँगको लागत साझेदारीमा न्यानो कोठा निर्माण गर्नको लागि रु. ९०००००।— (नौ लाख मात्र) को लागत अनुमान तयार भएको हुँदा कुल लागतको ५० प्रतिशतले हुन आउने रु ४५००००।— (अक्षरुपी चार लाख पचास हजार मात्र) बजेट विनियोजनका लागि जिल्ला समन्वय समितिको कार्यालय म्याग्दीमा अनुरोध गर्ने निर्णय गरियो।

ख. गाउँपालिका पत्रकार साझेदारी कार्यक्रमको लागि गाउँसभाबाट विनियोजित बजेट कार्यान्वयनका लागि गाउँपालिकामा सम्झौताका लागि पेश भएका १४ वटा निवेदन स्विकृत गरि प्रति पत्रकार रु ४००००।— का दरले सम्झौता गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

ग. ४ नं वडा कार्यालयको भवन निर्माण सम्पन्न भईसकेको हुँदा उक्त योजना फरफारक गरि प्राविधिक मूल्याङ्कन बमोजिमको बाँकी रकम भुक्तानी दिन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

घ. प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ बमोजिम २०८२ फागुन २१ मा हुने निर्वाचनको लागि निर्वाचन आयोगबाट जारी भएको निर्वाचन आचारसंहिता पूर्ण रुपमा कार्यान्वयन गर्ने निर्णय गरियो।

ङ. मच्छिम देखि डाडेगैडा हुँदै फलियागाउँ, मुना चोकसम्म गत श्रावण महिना मोटरबाटो मर्मत तथा पहिरो सरसफाईको गाउँकार्यपालिकाको मिति २०८२/०५/०४ को निर्णय तथा तत्कालिन प्रमुख प्रशासकीय अधिकृतले प्रमाणित गरेको प्राविधिक मुल्याङ्कन बमोजिमको रकम रु. १७२२४०।— भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

च. सर्वोच्च अदालतमा दर्ता भएको मुद्दा नं. ०७४-WO-०३४५ को धवलागिरी लिगल सर्भिसले धवलागिरी गाउँपालिका समेतको तर्फबाट बहस पैरवी गरेको हुँदा रु १३५०००।— भुक्तानी पाउँ भनि निवेदन पेश गरेकोमा उक्त फर्मलाई उक्त समयमा भएको सम्झौता तथा यस गाउँपालिकाको तर्फबाट दिइएको कार्यादेश पेश गर्न लगाउने निर्णय गरियो।

छ. राष्ट्रिय बालअधिकार परिषद्को च.नं. १७३० मिति २०८२/०१/२८ को प्राप्त पत्रानुसार स्थानिय तहहरुलाई सडक बालबालिका मुक्त स्थानीय तह घोषणा गर्ने सम्बन्धमा यस धवालगिरी गाउँपालिकाको मिति २०८२/०५/१९ गतेको सूचना बमोजिम सम्पुर्ण वडा कार्यालयहरुमा पत्राचार गरी सूचना टाँस गरिएकोमा यस गाउँपालिका अन्तर्गतका सबै वडाहरुबाट सडक

बालबालिकाहरु नभएको जानकारी प्राप्त हुन आएकाले धवलागिरी गाउँपालिकालाई सडक बालबालिका मुक्त स्थानीय तह घोषणा गर्ने निर्णय गरियो।

ज. यस गाउँपालिकाको समेत शेयर रहेको सहकारी संस्था गाउँपालिकाको तर्फबाट कार्यपालिका सदस्य श्री देउ प्रसाद छन्त्याललाई प्रतिनिधि तोक्ने निर्णय गरियो।

झ. वडा नं. २ को कार्यालयमा एक थान डेक्सटप कम्प्युटर तत्काल आवश्यकता परेको हुँदा खरिद प्रक्रिया अगाडि बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

ञ. ११ औं माघे संक्रान्ति मेला २०८२ तथा खाना महोत्सव एवं कृषि मेला प्रदर्शनी को लागि म्याग्दी उद्योग वाणिज्य संघ महिला उद्यम विकास समितिबाट रु २५०००।— सहयोग माग भएको हुँदा अन्य संस्था सहायता शिर्षकबाट रु २५०००।- भुक्तानी दिने निर्णय गरियो।

ट. म्याग्दी जिल्ला भलिबल संघले मिति २०८२ माघ ०७ देखि १० गते सम्म तेश्रो म्याग्दी भलिबल कप-२०८२ सञ्चालन गरेको हुदाँ रु ६००००।— आर्थिक सहयोग माग गरि प्रस्तावना पेश गरेको हुदाँ अन्य संस्था सहायता शिर्षकबाट रु ५००००।— भुक्तानी दिने निर्णय गरियो।

ठ. गाउँपालिकाको नाममा रहेको ध १ ब ६७५ नं. को मोटरबाइकल बिग्रिएर मर्मत गर्दा रु ९४८५५।— खर्च भएकोले कुँवर ब्रदर्श एण्ड सन्स प्रालि पोखराबाट भुक्तानीको लागि विल पेश हुन आएको हुदाँ उक्त खर्च अनुमोदन गरि उक्त रकम भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

ड. लैङ्गीक हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत जिल्ला प्रशासन कार्यालय, जिल्ला स्थित सुरक्षा सबै सुरक्षा निकाय, सामाजिक विकास कार्यालय लगायतका सम्बद्ध निकाय सँग समन्वय गरि मिति २०८२/०८/२४ गते वडा नं १ गुर्जामा सचेतनामूलक कार्यक्रम गर्ने कार्यपालिकाको मिति २०८२/०८/२१ को निर्णय बमोजिम उक्त कार्यक्रम सम्पन्न भएको साथै उक्त कार्यक्रममा जम्मा रु १०४३००।— खर्च भएको हुँदा उक्त खर्च अनुमोदन गरि सम्बन्धित खर्च शिर्षकबाट भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

ढ. गाउँपालिका अध्यक्ष, उपाध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृतको स्विकृतीमा हालसम्म विभिन्न मितिमा अतिथि सत्कार लगायत विभिन्न प्रयोजनका लागि भएको खर्च अनुमोदन गरि सम्बन्धित खर्च शिर्षकबाट भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।